# प्रतापपुर गाउँपालिको शिक्षा ऐन, (पहिलो संसोधन, २०७९), २०७७

स्थानीय राजपत्रमा प्रकाशित :२०७७/१०/०७

प्रमाणित
२०८५/३/१५

गाउँ कार्यपालिकाको कार्यपालिकाको कार्यालय

नबलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल



CamScanner

# प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन, (पहिलो संशोधन, २०७९), २०७७

स्थानीय राजपत्रमा प्रकाशित :२०७७/१०/०७

पहिलो संशोधन :२०७९/०३/०९

यो ऐनमा संशोधन, थप र हटाइएको संकेत:

पहिलो संशोधनद्वारा थप गरिएको :➢

पहिलो संशोधनद्वारा झिकिएको :✫

पहिलो संशोधनद्वारा संशोधन गरिएको :✓

गाउँ कार्यपालिकाको कार्यपालिकाको कार्यालय

नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल

# प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन, (पहिलो संसोधन, २०७९), २०७७

स्थानीय राजपत्रमा प्रकाशित :२०७५/१०/०७

पहिलो संसोधन :२०७९/०३/०९

लुम्बिनी प्रदेश नवलपरासी जिल्ला (ब.सु.प.) मा अवस्थित प्रतापपुर गाउँपालिकाले देश र समाजको सर्वपक्षिय विकास र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढिकरणका लागि नागरीकहरुमा सदाचार, सहिष्णुता, नैतिकता र माननीय मुल्यको प्रवर्द्धन गर्न तथा सीपयुक्त, परिश्रमी, सृजनशील र प्रतिस्पर्धी क्षमत भएका योग्य नागरीक तयार गर्नका लागि यस प्रतापपुर गाउँपालिकामा स्थापना हुने र ऐन प्रारम्भ हुनु भन्दा अधि स्थापना भई संचालन भईरहेका विद्यालयहरुलाई व्यवस्थित गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाका रुपमा विकसित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम यस प्रतापपुर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यस ऐनको नाम प्रतापपुर गाउँपालिको शिक्षा ऐन, पहिलो संसोधन, २०७९) २०७७

(२) यो ऐन प्रतापपुर गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(३) यो ऐन तुरन्त लागु हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) "आधारभूत पहिलो तह" भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "आधारभूत दोश्रो तह" भन्नाले कक्षा ६ देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "माध्यमिक तह" भन्नाले कक्षा नौ देखि बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) "विद्यालय शिक्षा" भन्नाले शिशु कक्षा देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिका सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले प्रतापपुर गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ज) "गाउँसभा" भन्नाले नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(झ) "बिशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बाहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति असक्त शारीरिक अपाङ्गता भएका बाल बालिकालाई दिइने बिशेष व्यवस्थापन सहितको शिक्षा सम्झनु पर्छ ।

(ञ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा बिषयबस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि बाह्र सम्म अध्यापन गराईने शिक्षालाइ सम्झनु पर्छ ।

(ट) "सामुदायिक विद्यालय" भन्नाले सामुदायको पहलमा स्थापना गरीएको नाफा नकमाउने प्रकृतिको तीन तहको कुनै पनि सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरीएका नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा उल्लेख भएका व्यक्ति सम्झनु पर्छ, सो शब्दले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीका हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ढ) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनु पर्छ ।

(ण) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको अध्यापक सम्झनु पर्छ ।

(त) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(थ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, कार्यविधि, नीति निर्देशनमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(द) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउछ ।

(ध) "स्वीकृति" भन्नाले तोकिएको बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई सङ्घीय सरकार र प्रदेश सरकार समेतको मापदण्डको आधारमा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउछ ।

(न) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरीएको विद्यालयलाई जनाउछ ।

(ऩ) "शैक्षिक गुठी" भन्नाले विद्यालय संचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(प) "प्रारम्भिक वाल शिक्षा" भन्नाले चार वर्ष पुरा भई पांच वर्ष ननाघेका वालवालिकालाई दिइने एक वर्षको प्रारम्भिक वाल शिक्षा सम्झनु पर्छ ।

(फ) "शिक्षा समिति" भन्नाले प्रतापपुर गाउँपालिकाको यस ऐन बमोजिम गठन भएको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ब) "शिक्षा शाखा" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(भ) "वि.व्य.स." भन्नाले यस ऐन अन्तर्गत गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(म) "शि. अ. सङ्घ," भन्नाले यस ऐन अन्तर्गत गठन भएको शिक्षक अभिभावक सङ्घलाई सम्झनु पर्छ ।

(य) "अध्यक्ष" भन्नाले प्रतापपुर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(र) "मन्त्रालय" भन्नाले सङ्घीय र प्रदेश सरकारको प्रसंग अनुसार मन्त्रालय सम्झनु पर्छ ।

➢ (ल) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

➢ (व) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## विद्यालय संचालन र व्यवस्थापन

३. माध्यमिक शिक्षाको प्रकार

माध्यमिक शिक्षा देहायका बमोजिमको हुनेछ ।

(१) साधारण माध्यमिक शिक्षा

(२) संस्कृत माध्यमिक शिक्षा

(३) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

४. विद्यालयको अनुमति, स्वीकृति बर्गीकरण र समायोजन तोकिए बमोजिम हुनेछ ।

५. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्याम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) आधारभूत तहको शिक्षा मातृ भाषामा दिन सकिनेछ

(ख) गैर नेपाली नागरीकले गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउदा शिक्षाको माध्यम सोहि भाषा हुनेछ ।

६. बिशेष शिक्षा, समाबेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुने छ ।

७. बिद्यालय संचालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था :

(१) विद्यालय तोकिए बमोजिमको आधारमा अनुमति लिई संचालन गर्नु पर्नेछ । अनुमति प्रदान गर्दा कम्पनी ऐन अन्तर्गत बिद्यालय संचालन गर्न अनुमति प्रदान गर्न पाइने छैन । यस ऐन आउनु

भन्दा पहिले देखि नै कम्पनी ऐन अन्तर्गत अनुमति वा स्वीकृति प्राप्त गरी संचालन भएका विद्यालय संचालनमा कुनै बाधा पर्ने छैन ।

☆ (२) ...............................

➢ (३) गाउँपालिका क्षेत्र भित्र कुनै समुदायले सामुदायिक, धार्मिक वा नेपाली नागरीकले गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा सम्बन्धित वडाको सिफारिस सहित तोकिएको विवरण खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमतिको लागि निबेदन दिनु पर्नेछ ।

➢ (४) उपदफा (१) बमोजिम निबेदन परेमा सो निबेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शर्त बन्देज पालना गर्ने गरी गाउँपालिका शिक्षा समितिको निर्णयमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

➢ (५) अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त उपदफा (३) बमोजिम बन्देज पालना गरको देखिएमा गाउँपालिका शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

➢ (६) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै बिदेशी शिक्षण संस्था संग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर संघीय सरकारसंग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई गाउँपालिकाले आवश्यक शर्त सहित अनुमति दिन सक्नेछ, यसरी संचालित विद्यालयहरुको संचालन प्रक्रिया सङ्घीय कानुनले तोके बमोजिम हुनेछ ।

➢ (७) प्राविधिक शिक्षा संचालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

➢ (८) यस गाउँपालिका क्षेत्र भित्र कुनै नेपाली नागरीकले संस्थागत/धार्मिक विद्यालयको कक्षा थप गर्न चाहेमा सम्बन्धित वडा समितिको सिफारिस सहित तोकिएको विवरण खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमतिका लागि निबेदन दिनु पर्ने छ ।

➢ (९) उपदफा (७) बमोजिमको निवेदन उपर तोकिएको अधिकारीले उपदफा (३) बमोजिम जाँचबुझ गर्ने छ र जाँचबुझ गर्दा विद्यालय गर्दा विद्यालयको कक्षा थप गर्न मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिनेछ ।

➢ **७क. गाउँपालिका कार्यपालिकाले विद्यालय सार्न गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :-**

गाउँपालिका कार्यपालिकाको स्वीकृत मापदण्डको आधारमा संचालन रहेका कुनै विद्यालयलाई विद्यार्थी संख्या, सेवा क्षेत्रको जनसंख्या, सम्बन्धित विद्यालयहरुको सहमति र स्वीकृतिको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई एउटा विद्यालय कायम गर्न वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको संचालन अनुमति रद्द गर्न वा विद्यालयको नाम परिवर्तन वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी संचालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

८. प्रारम्भिक बाल शिक्षाको कक्षा संचालन तथा सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन :-

(१) गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको कक्षा संचालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ ।

(२) गाउँपालिकाले तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्ने छ ।

९. गाउँ शिक्षा समिति :-

(१) गाउँपालिका क्षेत्रमा संचालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष —अध्यक्ष

(ख) गाउँपालिका उपाधय्क्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(घ) गाउँपालिका समाजिक विकास समितिका संयोजक —सदस्य

(ङ) समाजसेवी, शिक्षाविदहरु मध्येबाट शिक्षा समितिबाट मनोनित एक जना महिला सहित दुई जना — सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट प्रतिनिधित्व हुने गरी अध्यक्षबाट मनोनित दुई जना — सदस्य

(छ) गाउँ स्तरका नेपाल शिक्षक महसंघको प्रतिनिधि —सदस्य

(ज) संस्थागत विद्यालयहरुको साझा संगठनको प्रतिनिधित्व वा संचालक वा प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना —सदस्य

(झ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट अध्यक्षबाट मनोनित एक जना — सदस्य

(ञ) गाउँपालिकाको कार्यपालिकाका सदस्यहरु मध्येबाट अध्यक्षबाट मनोनित एक जना — सदस्य

(ट) गाउँपालिकाको शिक्षा अधिकृत — सदस्य सचिव

(२) गाउँ शिक्षा समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल तिन वर्ष हुनेछ ।

(३) शिक्षा समितिको बैठकमा प्रदेश सभा र सङ्घीय सांसदलाई पर्यविक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिने छ ।

(४) शिक्षा समितिको बैठकमा आवश्यकता अनुसार विषयगत समितिका संयोजक वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) मनोनित सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा कार्यपालिकाले जुन सुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सक्नेछ तर त्यसरी हटाउन वा बर्खास्त गर्नु अघि स्पष्टीकरणको मौकाबाट बन्चित गरीने छैन ।

(६) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय संचालनका लागि अनुमति स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा गाउँपालिकलाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धि आवश्यक श्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र संचालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परिक्षकको पारिश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएको आफ्नो श्रोतमा संचालित सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारीको दरवन्दी, सेवा, सुबिधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ज) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(झ) अभिभावक, कर्मचारी र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगती मुल्यांकन गर्नेछ र तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तिन वर्ष सम्म राम्रो नतिजा नल्याउनेलाई नसिहत दिने ।

(ट) विद्यालयहरुलाई सामाजिक परिक्षण गर्न लगाउने ।

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ड) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठी संग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ण) विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड कारवाही गर्ने गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरी ठेगाना, फोन, इमेल भएको सम्पर्क सहितको सूची प्रकाशन गर्ने ।

(थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(द) नामांकन सहित विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने वा कक्षा घटाउने नीति तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने ।

(ध) विद्यालयमा तहगत, विषयगत शिक्षक दरवन्दी मिलान गर्ने तथा शिक्षक कर्मचारीहरुको सरुवा व्यवस्थापन गर्ने ।

(न) सामुदायिक सिकाई केन्द्र स्थापना र संचालन सम्बन्धि नीति तर्जुमा गर्ने ।

(प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन तथा निरिक्षण गर्ने ।

(फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेन्डर बनाई लागु गर्ने गराउने।

(भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(म) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(य) विद्यालयहरुलाई सक्षमतामा आधारित अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोंत्साहन सहित स्वेच्छिक अवकासको प्रबन्ध गर्ने ।

(ल) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु बीच स्वच्छ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।

**१०. गाउँपालिका शिक्षा अधिकृतको काम कर्तब्य र अधिकार**

(१) गाउँपालिका शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(ख) शिक्षा सम्बन्धि कुनै प्रस्ताव कार्यपालिकामा पेश गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्ने ।

(ग) शिक्षा सम्बन्धि गाउँस्तरीय योजना बनाई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने ।

(घ) स्वीकृत अनौपचारिक शिक्षा र बिशेष शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धि अभिलेख तयार गर्ने ।

(ङ) विद्यार्थी संख्या घट्न गई फाजिलमा रहेका सामुदायिक विद्यालयका शिक्षकलाइ अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने ।

(च) स्वीकृत कार्य योजना अनुसार विद्यालय संचालन भए नभएको सम्बन्धमा नियमित निरिक्षण र सुपरिवेक्षण गरी गराई त्यसको प्रतिबेदन तयार गर्ने ।

(छ) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको समय समयमा बैठक, गोष्ठी र तालिम संचालन गर्ने ।

(ज) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा संचालन गर्ने र परीक्षा समन्वय समितिको सदस्य सचिव भई कार्य गर्ने ।

(झ) कक्षा ८ को परीक्षाको परीक्षा समितिको निर्णय बमोजिम विद्यालयको अभिलेख, प्रश्नपत्र र उत्तरपुस्तिका परिक्षण सम्बन्धि आवश्यक कार्य गर्ने ।

(ञ) गाउँपालिका भित्र रहेका संस्थागत विद्यालयहरुको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव दिने ।

(ट) ऐन तथा नियम बमोजिम संचालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरिक्षण गरी विद्यालयको शैक्षिक

स्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्न पर्ने भएमा तत् सम्बन्धि कारवाही प्रक्रिया अगाडी बढाउने ।

(ठ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा,विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने ।

(ड) शिक्षक वा कर्मचारीको कार्य सम्पादन मुल्यांकन गरी त्यसको विवरण आयोगमा पठाउने र सो अनुसार दण्ड पुरस्कार सिफारिस गर्ने ।

(ढ) सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरवन्दी पदपूर्तिका लागि आयोगमा लेखि पठाउने ।

(ण) मन्त्रालयले तोकी दिए बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरुको समुह बिभाजन गरी श्रोतकेन्द्र निर्धारण गर्ने र श्रोतकेन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने ।

(त) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा र आधारभूततहको अन्त्यमा हुने परीक्षालाइ नियमन र मर्यादित ढंगबाट संचालन गर्ने ।

(थ) सामुदायिक विद्यालयका लागि बितरण गरीएको दरवन्दी शैक्षिकसत्रको शुरुमा मिलन गर्न शिक्षा समितिमा सिफारिस गर्ने ।

(द) शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने र निरिक्षक तथा श्रोत व्यक्तिलाई विद्यालयं निरिक्षणको सूची बनाई निरिक्षण गर्न पठाउने र निरिक्षक तथा श्रोत व्यक्तिले विद्यालय निरिक्षण गरें नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने ।

(ध) गाउँपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने ।

(न) विद्यालयले स्वीकृत पाठयक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको समबन्धमा निरीक्षण गर्ने गराउने ।

(ऩ) विद्यालयमा लागु गरीएको पाठयक्रम, पाठयपुस्तक तथा पठाय सामग्री सम्बन्धमा सुधार गर्नु पर्ने र निशुल्क पाठयपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने गराउने।

(प) लेखापरीक्षणबाट प्राप्त प्रतिबेदनको आधारमा देखिएको अनियमितता र बेरुजु फछर्यौट गर्न लगाउने।

(फ) सरकारी तथा गैर सरकारी शैक्षिक परियोजनाहरुको निरीक्षण तथा समन्वय गर्ने ।

(ब) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिबेदन पारित गराउने ।

(भ) विद्यालयको बार्षिक शैक्षिक कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सो अनुसार गराउने ।

(म) विद्यालय निरिक्षक र श्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारवाही गर्न सिफारिस गर्ने।

(य) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्न लगाउने ।

(र) प्रतापपुर गाउँपालिकाको शिक्षाको अवस्था, प्रगती आदी समेटिएको शिक्षा सम्बन्धि स्थितिपत्र तयार गरी प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने ।

(ल) शिक्षा सम्बन्धिं भए गरेको सम्पूर्ण काम कारवाहीको जानकारी प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकलाई गराउने र प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन पालना गर्ने गराउने ।

**१०क. प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकार**

(१) प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने गराउने,

(ख) गाउँपालिका कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ङ) गाउँपालिकाको उत्कृष्ट शैक्षिक उपलब्धिका लागि शिक्षा अधिकृतलाई आवश्यक सल्लाह र परामर्श दिने,

(च) शिक्षा शाखाको समन्वयमा विद्यालयहरुको लेखापरीक्षणको व्यवस्था मिलाउने,

(छ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भए सो गर्ने,

(ज) शिक्षक र कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन गर्ने गराउने र सोको बिबरण सम्बन्धित निकायमा पठाउने,

(झ) शिक्षा समितिको सिफारिसमा विद्यालयलाई अनुमति, स्वीकृति, अनुदान र पुरस्कार प्रदान गर्ने ।

**११. वडा शिक्षा समितिको गठन, काम कर्तव्य र अधिकार**

(१) वडा भित्रका विद्यालयको संचालन व्यवस्थापन, अनुगमन र नियमन गर्न वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ ।

(क) सम्बन्धित वडाका वडा अध्यक्ष — संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना महिला —सदस्य

(ग) विद्यालय व्यस्थापन समितिका अध्यक्षहरु मध्ये शिक्षा समितिको अध्यक्षले तोकेको एक जना - सदस्य

(घ) सम्बन्धित वडा भित्रका विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्ये अध्यक्षले तोकेको एक जना —सदस्य

(ङ) सम्बन्धित वडाका वडा सचिव — सदस्य सचिव

**(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) आफ्नो वडाको शैक्षिक योजना तयांर गर्ने,

(ख) आफनो क्षेत्र भित्र संचालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउने सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजक बनाउने,

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) सम्बन्धित वडा भित्रका अभिभावक, कर्मचारी र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने,

(छ) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(ज) वडा भित्रका विद्यालयहरुको लागि बजेटको व्यवस्था गर्ने,

(झ) शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने गराउने,

(ञ) वडा शिक्षा समितिले आफनो बैठक संचालन कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ ।

✓ १२. विद्यालय व्यवस्थापन समितिको गठन, काम कर्तव्य र अधिकार :-

(१) शिक्षा शाखाका प्रतिनिधिको अनिवार्य रोहबरमा सामुदायिक विद्यालयको संचालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकले आफुहरु मध्येबाट छानी पठाएको कम्तिमा दुई जना महिला र एक जना दलित सहित चार जना -सदस्य

(ख) विद्यालयमा रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनयन गरेको एक जना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी विद्यालयलाई निरन्तर उल्लेखनीय सहयोग गरेको व्यक्तिहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनयन गरेको एकजना महिला सहित दुई जना -सदस्य

(घ) शिक्षकहरुले आफुहरु मध्येबाट छानी पठाएको एक जना विद्यालयका शिक्षक -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(१क) सम्बन्धित वडाका वडा अध्यक्ष विद्यालय व्यवस्थापन समितिको संरक्षकको रुपमा हुनेछ।

✓(२) विद्यालय स्तरीय वालक्लबले मनोनयन गरेको एक जना वालक्लबका प्रतिनिधि आमन्त्रित सदस्यको रुपमा रहनेछन ।

(३) विद्यालय व्यवस्थापन समितिका (क) र (ग) मध्येका पदाधिकारीहरुबाट गाउँ शिक्षा समितिले तोकेको एक जना अध्यक्ष रहनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(५) बिशेष शिक्षा संचालन गर्ने विद्यालयमा बिशेष कक्षा आवास व्यवस्थापन समिति तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्ष हुनेछ विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुन सम्बन्धित विद्यालय संचालन भएको तह उत्तीर्ण गरी

२५ वर्ष उमेर पुरा भएको हुनुपर्ने छ। तर त्यस्तो योग्यता प्राप्त व्यक्ति नभएमा वा बस्न नमानेमा एक तह कम योग्यताको समेत राख्न सकिने छ त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएकोमा यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुन सुकै बखत पदबाट हटाउन सक्ने छ तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरीने छैन।

(७) उपदफा (१) बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिले आफ्नो दायित्व पुरा नगरेमा वा अनियमित कार्य गरेमा शिक्षा समितिले जुनसुकै बखत भङ्ग गर्न सक्नेछ तर यसरी भङ्ग गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन।

(८) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा शिक्षा समितिले तोकिए बमोजिम अस्थायी रुपमा समिति गठन गर्न सक्नेछ।

➢(९) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्र भित्रका सम्बन्धित विषय तथा व्यावसायसंग गाउँपालिका स्तरका उद्योग तथा बाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहने छ।

➢(१०) विशेष शिक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएको व्यक्तिको अभिभावक सदस्य रहेनछन।

➢(११) व्यवस्थापन समितिको म्याद सक्नु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यबस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्ने छ। यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँपालिका शिक्षा समितिले गर्ने छ।

➢ (१२) व्यवस्थापन समिति गठन सम्बन्धि अन्य व्यस्था तोकिए बमोजिम हुनेछ।

स्पष्टीकरणः

(क) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययन गर्ने बालविकास देखि कक्षा १२ सम्मका विद्यार्थीका बुबा, आमा, बाजे, बज्यै, सगोलको दाजु, दिदी र भाउजुलाई जनाउँछ।

(ख) उपदफा (१) अनुसार बाबु आमा नभएमा सगोलको घरमुली वा लालनपालन र पठनपाठनको व्यवस्था मिलाउने एकाघरको जो कोही एकजना व्यक्तिलाई मात्र जनाउँछ। तर अनाथ टुहुरा, मावली वा अर्काको घरमा बसी कामकाज गरी अध्ययन गर्नेको हकमा भने बसोबास तथा लालनपालन र पठनपाठनको व्यवस्था मिलाउने व्यक्तिलाई जनाउँछ।

१३. सामुदायिक र धार्मिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल, सम्पतिको लगत, राख्ने राख लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने राख्न लगाउने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा सम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

☆(च) .....................

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) शिक्षा शाखाबाट तोकिएको लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(ञ) लेखा परीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने,

(ट) तोकिएको बमोजिमको क्षेत्रसँग सम्बन्धित गाउँपालिका र शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने गराउने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) तोकिए बमोजिम दरबन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारबाही गर्ने,

(ढ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) सामाजिक लेखा परीक्षण गराउने,

(थ) नेपाल सरकार वा गाउँपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाई तोकिएको तलब भत्ता प्रदान गर्ने,

(द) विद्यालय व्यवस्थापन समिति पदाधिकारीबाट नियमित विद्यालयको अनुगमन गर्ने,

(ध) शिक्षक तथा विद्यार्थीको आचारसंहिता बनाई लागू गर्ने,

(न) तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने,

(प) स्वीकृत पाठयक्रम तथा पाठयपुस्तक लागु गराउने ।

१४. संस्थागत विद्यालयको व्यवस्थापनको समितिको गठनः

(१) संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नेका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको सञ्चालक वा संस्थापक मध्येबाट सम्बन्धित विद्यालयले सिफारिस गरेका तीनजना मध्ये गाउँ शिक्षा समितिको अध्यक्षबाट मनोनीत एकजना -अध्यक्ष

(ख) अभिभावकले आफूहरुको मध्येबाट छानी पठाएका कम्तिमा एक जना महिला, एक जना दलित सहित चारजना- - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट विद्यालय व्यस्थापन समितिले मनोनित गरेको एक जना महिलासहित दुईजना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख /प्रतिनिधी -सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन ।

**१५. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(गं) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समिति मार्फत गरी नेपाल सरकारले तोकेको न्युनतम तलब स्केल भन्दा कम नहुने गरी तलब सेवा र सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने गराउने,

(ञ) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम गर्ने,

(ट) शिक्षा शाखाले तोकेको लेखा परीक्षकबाट विद्यालयको लेखा परीक्षण गराई अनिवार्य रुपमा वार्षिक प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने,

(ठ) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागू गर्ने,

(ड) भर्ना शुल्क र अन्य शुल्क सम्बन्धी तोकिएको मापदण्डका आधारमा प्रस्ताव गरी स्वीकृतिका लागि गाउँपालिका शिक्षा शाखामा पेश गर्नुपर्ने,

**१६. शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकारः**

(१)शिक्षा शाखाका प्रतिनिधिको अनिवार्य रोहबरमा सामुदायिक, धार्मिक र संस्थागत विद्यालयमा शिक्षक अभिभावकवीच सहकार्य तथा व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछः

(क) विद्यालयका अभिभावक मध्येबाट छानी पठाइएको व्यक्ति- -अध्यक्ष

(ख) अभिभावकले आफू मध्येबाट छानी पठाएका सबै क्षेत्र र वर्गको प्रतिनिधित्व हुने गरी कम्तीमा दुई जना महिला र एक जना दलित सहित बढीमा सात जना -सदस्य

(ग) विद्यालयमा सबैभन्दा बढी चन्दा दिने व्यक्ति वा निजको घरको परिवारबाट शिक्षक अभिभावक संघले मनोनीत गरेको एकजना- -सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूमध्येबाट छानी पठाएका शिक्षक प्रतिनिधि एकजना -सदस्य

(ङ) प्रधानाध्यापक- - सदस्य सचिव

(२) समितिको बैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको छात्र वा छात्रा मध्येबाट एक जनालाई आमन्त्रित गर्नुपर्ने छ ।

(३) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने।

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने ।

(ग)शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सहयोग गर्ने ।

(घ)विद्यालय भर्ना अभियान संचालन गर्न विद्यालयलाई सहयोग गर्ने ।

(ङ)विद्यालयहरुलाई शुल्क निर्धारणको लागि आवश्यक सुझाव दिने ।

(च)तोकिए बमोजिमका अन्य काम गर्ने ।

(५) संस्थागत विद्यालयहरुले दफा १५ को उपदफा (१) बमोजिम शिक्षक अभिभावक संघ गठन गर्नुपर्नेछ।

➢१६क. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष सहित वडा शिक्षा समिति वा शिक्षा अनुगमन समितिले गाउँ कार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ। गाउँकार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रक्रिया पुऱ्याई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापनको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) यो ऐन जारी हुनुभन्दा अगाडि गठन भएका विद्यालय व्यवस्थापन समितिहरु स्वतः खारेज हुनेछन्। यसै ऐनको प्रावधान अनुसार एक महिना भित्रमा विद्यालय व्यवस्थापन समितिहरु गठन गर्नुपर्ने छ ।

➢१६ख. गाउँपालिका शिक्षा अनुगमन समितिः

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिम पालिका स्तरीय अनुगमन समिति गठन हुनेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) गाउँपालिका समाजिक विकास समितिको संयोजक - सदस्य

(ग) गाउँपालिका शिक्षा समितिले तोकेको सेवा निवृत शिक्षकहरु मध्येबाट एक जना - सदस्य

(घ) गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाको शाखा प्रमुख -सदस्य

(ङ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार शिक्षा अनुगमन समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## शिक्षक, कर्मचारी दरबन्दी तथा सेवा शर्त

**१७. शिक्षक कर्मचारीहरूको दरबन्दी निर्धारण गर्ने:**

(१) गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरबन्दी निर्धारण तोकिए बमोजिम हुनेछः

(२) गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयले भरेको फ्लेस रिपोर्ट, नियमित अध्ययन गर्ने विद्यार्थी संख्या, तहगत र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दरबन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी शिक्षा शाखाले राख्नुपर्नेछ। यसरी नियुक्त भएका शिक्षक, कर्मचारीको सेवा सुबिधा गाउँपालिका मार्फत भुक्तानी गर्नुपर्नेछ।

**१८. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता**

शिक्षक, कर्मचारी, बाल विकास स.का. तथा गाउँपालिका अनुदान शिक्षकको सेवा, शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ। आवश्यकताको आधारमा गाउँपालिकाले थप सेवा सुविधा प्रदान गर्न सक्नेछ ।

**१९. स्थायी अध्यापन अनुमति पत्र लिनु पर्ने:**

अध्यापन अनुमतिपत्र प्राप्त नगरेको व्यक्ति शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन तर अंग्रेजी, गणित र विज्ञान विषयको हकमा पहिलो पल्ट दरखास्त आव्हान गर्दा अध्यापन अनुमतिपत्र प्राप्त व्यक्तिको दरखास्त नपरेमा दोस्रो पल्टको दरखास्त आव्हानमा अध्यापन अनुमतिपत्र प्राप्त नगरेको व्यक्ति शिक्षक पदका लागि उम्मेदवार हुन बाधा पर्ने छैन । तर गाउँपालिका अनुदान शिक्षकको हकमा शिक्षक अनुदान कार्यविधि २०७५ (संशोधन) बमोजिम हुनेछ ।

**२०. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन शिक्षा समितिमा सिफारिस गर्नेछः

(क) तोकिए बमोजिमको प्रतिय दायित्व पुरा नगरेमा,

(ख) बिना सुचना लगतार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादकपदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

(च) शिक्षक र कर्मचारी कुनै पनि राजनीतिक दलको कुनै पनि पदको कार्य समिति सदस्य रहेको पाइएमा,

➢(छ) गाउँपालिकाको कानुनको पालना नगरेमा,

➢(ज) आफ्नो पदीय आचरण र जिम्मेवारी पुरा नगरेमा,

➢(झ) गाउँपालिकाको निर्णय र आदेशको बेवास्ता गरेमा वा गाउँपालिका प्रति जवाफदेही र उत्तरदायी नभएमा वा पालिका र कर्मचारीहरुको मान मर्यादामा गम्भीर आघात पुराएमा,

➢(ञ) आर्थिक हिनामिना गरेमा,

➢(ट) सामाजिक परिक्षण नगरेमा,

➢(ठ) काज बाहेक विद्यालयमा १७० दिन रुजु हाजिर नभएमा तर यो व्यवस्था बिरामी परी उपचारमा रहेका शिक्षक कर्मचारीको हकमा लागु हुने छैन ।

➢(ड) सामाजिक संजाल वा पत्रपत्रिका वा कुनै किसिमका लेख रचनामा पालिका, आफ्नो शैक्षिक संस्था र कर्मचारीहरु प्रति भ्रामक कुराहरु लेख्ने वा पोस्ट गर्ने र कार्यालयको गोपनीयता भंग गरेमा,

➢(ढ) कार्यालय सामग्रीको संरक्षण नगर्ने वा व्यक्तिगत कामको लागि प्रयोग गरेमा,

➢(ण) राजनीतिक दलको सदस्य बन्ने वा विद्यालयमा राजनीति गर्ने वा नकारात्मक समूहिकृत भई काममा व्यवधान गर्ने,

➢(त) स्थायी बाहेका शिक्षक कर्मचारीहरुले प्रत्येक ६/६ महिनामा सेवा म्यादको थप गर्न निबेदन नदिएमा,

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक, कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा शिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन।

(२क) संघीय सरकार, प्रदेश सरकार र यो ऐनमा उल्लेख भए बमोजिमका आचरणहरु इमान्दारीपूर्वक पालना गर्नु अनिवार्य हुनेछ र उपदफा (१) मा जुन सुकै लेखिएको भएपनि उक्त आचरणहरु पालना गरेमा गाउँ शिक्षा समिति, शिक्षा अनुगमन समिति र शिक्षा शाखाले आवश्यक कारवाही अगाडी बढाउन सिफारिस गर्न सक्ने छ ।

**२१. अदालतको आदेशबाट पुर्नवहाली हुन सक्नेः**

(१) दफा १८ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक र कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम सेवामा पुर्नःवहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुर्नःबहाली भएको शिक्षकले सेवाबाट हटाउने देखी पुर्नःबहाली भएको मिति सम्मको पुरा तलब भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउने छ ।

**२२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः**

(१) दफा २१ मा उल्लेखित अवस्था वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन।

**२३.स्थायी आवासीय अनुमति लिन नहुनेः**

(१) समुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै देशको स्थायी आवसीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन ।

➢ **२३क. शिक्षकको पेशागत महासंघ सम्बन्धित व्यवस्था :** सामुदायिक विद्यालयका शिक्षकहरुले पेशागत हकहित संम्बन्धमा कार्य गर्न गाउँपालिका क्षेत्र भित्र तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

## परिच्छेद-४

## शिक्षक तथा कर्मचारीको नियुक्ति, सरुवा, बढुवा र वृतिविकास

**२४. शिक्षक छनौट समिति**

(१) विद्यालयमा रिक्त दरबन्दी, राहत शिक्षक र कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तिको लागि देहाय बमोजिमको एक शिक्षक छनौट समिति हुनेछ।

(क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष -संयोजक

(ख) शिक्षा शाखा प्रमुख -सदस्य

(ग)तोकिएको योग्यता पुगेका विषय विशेषज्ञ मध्येबाट वि.व्य.स.ले मनोनीत गरेको एकजना -सदस्य

(घ) तोकिएको योग्यता पुगेको विषय विशेषज्ञ मध्येबाट गाउँपालिकाले तोकेको एक जना - सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

**२५. प्रश्नपत्र तथा परीक्षा सञ्चालन विधिः**

रिक्त पदमा शिक्षक तथा कर्मचारीको अस्थायी तथा करारमा छनौट गर्दा प्रश्नपत्र तथा परीक्षा सञ्चालन शिक्षा सेवा आयोगले तोकिए बमोजिम हुनेछ।

**२६. विद्यालयका शिक्षकसँग तोकिए बमोजिमको कार्य सम्पादन करार गराई शैक्षिक गुणस्तर र उपलब्धि हासिल गराइनेछ।**

✓**२७.प्रधानाध्यापक शिक्षक र कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछन्।

(२) प्रधानाध्यापकको नियुक्ति सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) माध्यमिक तहको हकमा स्नाकोत्तर उपाधि प्राप्त वा सो नभएमा स्नातक योग्यता प्राप्त र आधारभूत तहको हकमा स्नातक उपाधि प्राप्त वा सो नभएमा योग्यताका आधारमा जेष्ठ स्थायी शिक्षक मध्येबाट

विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक नियुक्ति गरी शिक्षा शाखामा जानकारी गराउनुपर्नेछ ।

(ख)प्रधानाध्यापकले नियुक्ति हुनु पूर्व पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ । प्रत्येक वर्ष सम्पादन गर्ने कार्यको अनुगमन सूचक समेत कार्य योजनामा रहनु पर्नेछ ।विद्यालयका अन्य पछिका अतिरिक्त विद्यार्थीहरूको सिकाई उपलब्धी अभिवृद्धि लक्ष्य सहितको कार्ययोजना हुनुपर्नेछ।

(ग)प्रधानाध्यापकले प्रभावकारी रुपमा विद्यालयको कार्य सम्पादन गर्न नसकेमा, विद्यालयको रकम हिनामिना गरेमा वा प्रधानाध्यापकको कार्यक्षमता माथि प्रश्न चिन्ह उठेमा शिक्षा समितिले त्यस्तो प्रधानाध्यापकलाई जिम्मेवारीबाट हटाई आफ्नो क्षेत्र भित्रका योग्यता पुगेका शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी दिई पठाउन सक्नेछ तर जिम्मेवारीबाट हटाउनु अघि यस्ता प्रधानाध्यापकलाई आफ्नो सफाइ गर्ने मौकाबाट वञ्चित गरीने छैन।

(घ)विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यपकको कर्तव्य हुनेछ।

(ङ)निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा तोकिएको आधारमा शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मौका दिइनेछ । सिकाई उपलब्धी लक्ष्य हासिलका आधारमा कार्य सम्पादन मूल्याङ्कनमा बढी भार प्रदान गरीनेछ ।कार्य सम्पादन कार्य योजनाको न्युनतम ७० प्रतिशत कार्य सम्पादन गर्न नसकेको अवस्थामा शिक्षा समितिले प्रधानाध्यापकलाई कारवाहीका लागि प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(३) नमुना कार्यक्रम सञ्चालन भएको विद्यालयमा प्रधानाध्यापक छनौट तोकिए बमोजिम हुनेछ । यसरी छनौट भएको प्रधानाध्यापकलाई प्रमुख प्रशासकिय अधिकृतले करारमा नियुक्ति गर्नेछन् ।करारको अवधि पाँच वर्षको हुनेछ ।

➢(४) स्थायी दरबन्दीको पदमा वा जुनसुकै अनुदानमा भर्ना भई अस्थायी वा करारमा कार्य गरेका शिक्षक कर्मचारीहरूको पदमा स्थयी पदपुर्ति भएमा वा त्यस्तो अनुदान प्राप्त नभएमा वा रोक्का भएमा त्यस्ता शिक्षक कर्मचारी स्वतः अवकाश हुनेछन्।

➢(५) संघीय सरकार र प्रदेश सरकारको कानुन बमोजिम सबै प्रकारका अस्थायी वा करार शिक्षकहरूको ६ महिना म्याद थप गर्ने वा करार सम्झौता गर्ने व्यवस्था भए बमोजिम त्यस्तो करार म्याद थपका लागि सम्बन्धित शिक्षक र कर्मचारीले म्याद सकिनु अघि म्याद थपको लागि निवेदन दिनुपर्नेछ अन्यथा स्वेच्छाले सो पदमा नरहेको मानिनेछ।

➢(६) उपदफा (५) बमोजिम म्याद थपको निवेदन प्राप्त भएपछि यस ऐन बमोजिम मूल्याङ्कन भएको कार्यसम्पादन मूल्याङ्कनको कुल प्राप्ताङ्कको ५०% अंक र अनुगमन समितिले अनुगमन गर्दा गरेको प्रतिवेदनको भार ५०% अङ्क गरी जम्मा १००% अङ्कमा कम्तीमा ९०% अङ्क प्राप्त गरेका उपदफा (५) बमोजिमका शिक्षक कर्मचारीहरूको म्याद वा करार म्याद थप गरीनेछ र ८०% अंक देखि ८९% अङ्क सम्म प्राप्त गरेका उपदफा

(५) बमोजिमका शिक्षक, कर्मचारीलाई आगामी ६ महिनाका लागि एक अवधिका लागि मात्र करार म्याद थप गर्न सकिनेछ । तर ८० अंक भन्दा कम ल्याउने र दोस्रोपटक पनि ८० देखि ८९ अंकसम्म ल्याउने शिक्षक तथा कर्मचारीहरुको म्याद करार थप गर्न सकिने छैन ।

➢(७) उपदफा (६) बमोजिमको मूल्यांकनको आधारमा मात्र विद्यालय व्यवस्थापन समितिले करार म्याद थप गर्न सक्ने छ ।

**२८. शिक्षकको नियुक्ति र सरुवाः**

(१) शिक्षा समितिले दरबन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक बीच सरुवा गर्न सक्नेछ ।

➢(१क) दफा २९ बाहेक सबै शिक्षक कर्मचारीहरूको नियुक्ति विज्ञापन गर्ने विद्यालयले गर्नेछ तर स्थायी शिक्षक बाहेक राहत शिक्षक, नेपाल सरकारबाट विशेष अनुदान प्राप्त अस्थायी वा करार शिक्षकको नियुक्ति गाउँपालिकाले गर्ने छ यस्तो अधिकार गाउँपालिकाले सम्बन्धित विद्यालयलाई अधिकार प्रत्यायोजन गर्ने सक्ने छ ।

(२) विद्यालयमा कार्यरत र प्र.अ./शिक्षक (स्थायी, अस्थायी, करार, राहत तथा गाउँपालिका अनुदान शिक्षक) कर्मचारीहरुलाई सरुवा नगरी नहुने अवस्थामा यथोचित कारण खुलाई सम्बन्धित शिक्षक र विद्यालयको सहमती बेगर पनि शिक्षा समितिले आफ्नो क्षेत्रभित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ।

➢(२क) गाउँपालिका भित्रका कुनै दुई वटा विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरबन्दी समेतको आधारमा गाउँपालिकाले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

✓(३) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँपालिकाले अर्को स्थानीय तह वा अर्को जिल्लाको स्थानीय तहमा सरुवाको लागि सहमति दिन सक्नेछ ।

(४) सबै विद्यालयमा अनुभव गराउन, शैक्षिक वातावरण तयार गर्न, शैक्षिक व्यवस्थापन गर्न र दरबन्दी मिलाउने लगायतका काम गर्न गाउँपालिका भित्र आन्तरिक सरुवा गर्न सक्नेछ र आन्तरिक सरुवा गर्दा कार्यसम्पादन मूल्यांकनलाई समेत आधार मानिनेछ ।

**२९.दरबन्दी मिलानः**

(१) प्रत्येक दुई वर्षमा तहगत, कक्षागत तथा विषयगत शिक्षक विद्यार्थीको अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा शिक्षा समितिले दरबन्दी मिलान गर्नेछ। दरबन्दी मिलानको क्रममा आवश्यकताको आधारमा अन्य शिक्षकको पनि सरुवा गर्न सकिनेछ । दरबन्दी मिलानको लागि प्रतापपुर गाउँपालिकाको दरबन्दी मिलान कार्यविधि -२०७५ अनुसार गर्न सकिनेछ ।

**३०.शिक्षकको स्थायी नियुक्ति र बढुवा सम्बन्धी व्यवस्थाः**

हालका स्वीकृत दरबन्दीमा शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय र प्रादेशिक कानून बमोजिम बन्ने शिक्षक सेवा आयोगबाट तोके बमोजिम हुनेछ ।स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरूको सेवा, शर्त तथा बढुवा सम्बन्धी व्यवस्था स्थानीय सरकारले तोके बमोजिम हुनेछ ।

**३१. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था**

शिक्षकलाई संघीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ।

**३२. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ ।

(३) विद्यालय समयभन्दा अघि पछि हुने गरी गाउँपालिकाको अनुमति बिना अन्यत्र पठनपाठन गर्न र अन्य शैक्षिक संस्था वा अन्य पेशा र अर्को परिचय पत्र आवश्यक पर्ने पेशा गर्न पाइने छैन ।

**➢३२क. शिक्षक कर्मचारी मूल्यांकन :-**

(१) संघीय सरकार र प्रदेश सरकारले तोकेको कार्य सम्पादन मुल्यांकन सबै शिक्षक, कर्मचारीहरुले शैक्षिक सत्रको सुरु मै नियमानुसार दर्ता गर्नु पर्ने छ ।

(२) कार्य सम्पादन मुल्यांकन गर्नका लागि स्थायी शिक्षकको हकमा संघीय सरकार र प्रदेश सरकारको कानुन बमोजिम हुनेछ र स्थायी शिक्षक बाहेक अन्य सबै शिक्षक कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन देहाय बमोजिम हुनेछ ।

(क) सुपरिवेक्षकको मुल्यांकन सम्बन्धित बिद्यालयका प्रधानाध्यापक हुनेछन र समान पदको प्रधानाध्यापक भएमा वा प्रधानाध्यापक भन्दा माथिल्लो पदको शिक्षक भएमा बिद्यालय व्यवस्थापन समितिको अध्यक्षले सुपरिवेक्षणको मुल्याकन गर्ने छ ।

(ख) पुनरावलोकन समितिमा प्रमुख प्रशासकिय अधिकृतको संयोजकतवमा शिक्षा शाखा प्रमुख र सम्बन्धित बिद्यालयको प्रधानाध्यापक रहनेछ । तर सम्बन्धित बिद्यालयको प्रधानाध्यापक वा शिक्षा शाखा प्रमुख नभएमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित बिद्यालयको शिक्षक वा गाउँपालिकाको कुनै अधिकृत स्तरको कर्मचारी तोक्न सक्ने छ ।

(३) कार्य सम्पादन मुल्यांकन दर्ता नगर्ने कुनै पनि शिक्षक कर्मचारीहरुको शुन्य मुल्यांकन गरीनेछ

(४) शिक्षक बाहेक विद्यालयका कार्यालय सहयोगी, पाले लगायत अन्य कर्मचारीहरुले कार्यसम्पादन मुल्यांकनको लागि सम्बन्धित प्र.अ. सुपरिवेक्षक र पुनरावलोकन समितिमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा प्रधानाध्यापक र प्र.अ.ले तोकेको कुनै शिक्षक रहनेछ ।

## परिच्छेद-५

## विद्यालयको भौतिक सम्पति र अन्य व्यवस्थापन

**३३.विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण:**

(१) विद्यालयमा विद्यार्थी संख्याको आधारमा तोकिएको मापदण्ड अनुसारको कक्षाकोठा, खेलमैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फुलबारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलग अलग शौचालय, सिकाइ मैत्री वातावरण हुनुपर्नेछ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

**३४.विद्यालयको सम्पत्ति**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरीएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले गाभिएको विद्यालयलाई हस्तान्तरण गर्ने छ तर विद्यालयको प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँ शिक्षा कोषमा जम्मा गर्ने छ । तर विद्यालयको जग्गा जमिन बेचबिखन गर्न पाईने छैन ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरीएकोमा त्यस्तो विद्यालयको सम्पत्ती सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासँग दान, दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संस्थाबाट त्यसरी चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने छ।

(५) विद्यालयले चल, अचल सम्पत्ति बेचबिखन गर्दा स्थानीय सरकारको अनुमति बेगर बेच्न पाइने छैन ।

(६) विद्यालयको सम्पत्ति, आय-व्यय र लेखा दुरुस्त राख्नु पर्नेछ ।विद्यालयको मासिक आम्दानीको श्रेस्ता राखी विद्यालयमा प्राप्त हुने सबै प्रकारका आय, तीनवटै सरकारबाट प्राप्त हुने सबै प्रकारका रकम र आन्तरिक आम्दानीको प्रगति विवरण मासिक रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(७) विद्यालयमा हुने आय र व्यय श्रेस्ता दुरुस्त नराखे र विद्यालयको आन्तरिक आम्दानी र सम्पत्ति संरक्षण नगर्ने विद्यालयलाई अनुदान रोक्का राख्न सक्नेछ।

३५.सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सम्पति अभिलेख संरक्षण र व्यवस्थापन

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयको नाममा रहनेछ ।सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको कामकाजमा पर्योग नहुने भएमा गाउँपालिकाले कानून बमोजिम भोगचलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्ति अभिलेख दुरुस्त राखे, संरक्षण र व्यवस्थापन गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको हुनेछ।

३६. पाठ्यक्रम र पाठ्यपुस्तक

(१) विद्यालयलाई नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अध्ययन अध्यापन गराउनु पर्नेछ।

(२) आफ्नो विद्यालयका विद्यार्थीलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरूको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र माग गर्नु पर्नेछ।

(३) शैक्षिकसत्र सुरु हुनु अगावै शिक्षा समितिले सम्बन्धित निकायहरूमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ ।

(४) राष्ट्रिय पाठ्यक्रमको प्रारुपमा तोकिए बमोजिम गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी प्रयोगमा ल्याउन सक्नेछ ।

(५) शैक्षिकस्तरको न्युनतम मापदण्ड तोकी शिक्षक, विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्ययन सामाग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध गर्न सकिनेछ।

३७. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लब, ईकोक्लब तथा वातावरण मैत्री क्लबहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण, शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

(३) अतिरिक्त शैक्षिक क्रियाकलाप सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## परीक्षा संचालन तथा गुणस्तर मापन

३८. आधारभूत तह उत्रिण परीक्षा सञ्चालन तथा व्यवस्थापन

(१) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षालाई गाउँपालिकाको क्षेत्रबाट मर्यादित र व्यवस्थित तरिकाले एकरुपताका साथ सञ्चालन गर्न तपसिलको आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) सामाजिक विकास समिति संयोजक -सदस्य

(ग) परीक्षा सम्वन्धी शिक्षा शाखामा काम गर्ने कर्मचारी/व्यक्ति - सदस्य

(घ) सामुदायिक तथा धार्मिक विद्यालयका प्र.अ. वा आधारभूत तह (६-८) सञ्चालन भएका विद्यालयका शिक्षक मध्ये प्रधानाध्यापकहरुले छानी पठाएका एकजना -सदस्य

(ङ) संस्थागत विद्यालयका प्र.अ. वा आधारभूत तह (६-८) संचालन भएका विद्यालयका शिक्षकमध्ये प्र.अ.हरुले छानी पठाएका एकजना -सदस्य

(च) सामुदायिक विद्यालयका प्र.अ. वा शिक्षकहरुको मध्येबाट परीक्षा सम्बन्धी अनुभव भएकालाई परीक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(छ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) परीक्षा समितिले सम्बन्धित विषयगत समितिका संयोजक र शिक्षाका कर्मचारी वा अन्य आवश्यक व्यक्तिहरुलाई परीक्षा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मनोनित सदस्यहरुले पदीय आचारण पुरा नगरेमा परीक्षा समितिले जुनसुकै समयमा हटाउन सक्नेछ तर हटाउनु अघि निजलाई सफाइको मौकाबाट वञ्चित गरीने छैन।

(४) समितिको बैठकमा सहभागी पदाधिकारीहरुलाई भत्ता गाउँ कार्यपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) परीक्षा समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

(६) परीक्षा संचालनका अन्य विषय तोकिए बमोजिम हुनेछन ।

## परिच्छेद ७

## संस्थागत बिद्यालयको अनुमति र नियमन सम्बन्धि व्यवस्था

**३९. संस्थागत बिद्यालय संचालन गर्न अनुमति लिनुपर्ने :**

(१) कम्पनी ऐन अन्तर्गत संस्थागत बिद्यालय संचालन अनुमति प्रदान गरीने छैन तर यस भन्दा अगाडी कम्पनी ऐन अन्तर्गत दर्ता भई संचालन भइरहेको बिधालयहरु संचालनमा कुनै बाधा पर्ने छैन,

**४०. संस्थागत बिद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत बिद्यालयले बिधालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा नघटने गरी तोकिए बमोजिम जेहेन्दार, अति बिपन्न अपांगता भएको छात्रा, दलित र जनजाती बिद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ र छात्रवृत्ति छनौटका आधार तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि बिद्यार्थी छनौट गर्न प्रत्येक बिद्यालयमा तोकिए बमोजिमको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटका लागि आधार, शर्त र प्रक्रिया तयार गरी सोहि बिद्यालय व्यवस्थापन समितिबाट स्विकृत गराई सर्वाजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिका लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्ने छ ।

(५) संथागत बिद्यालयले प्रत्येक बर्ष छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीहरुको नाम नामावली सहितको विवरण विद्यालयमा सार्वजनिक गरी शिक्षा शाखामा पठाउनु पर्ने छ ।

(६) संस्थागत बिद्यालयले मासिक रुपमा प्रति बिद्यार्थी एक रुपैयाको दरले बार्षिक रुपमा हुन् आउने रकम शैक्षिक सत्रको अन्त्यसमा शिक्षा बिकास कोषमा जम्मा गर्नुपर्ने छ ।

४१. अनुगमन तथा मूल्यांकन :

(१) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ यसरि प्राप्त निर्देशन कार्यान्वायन गर्नु संस्थागत बिद्यालयको अनिवार्य दायित्व हुनेछ ।

४२.संस्थागत बिद्यालयको अनुमति, स्वीकृति र रद्द :

(१) तोकिएको मापदण्ड पुरागरेका बिद्यालयले थप कक्षाको लागि शैक्षिक सत्र सुरु हुनु भन्दा तिन महिना अगाबै गाउँपालिकामा निबेदन दिन सक्नेछन् । शिक्षा समितिले उक्त निबेदनको आवश्यक कारवाही गरी थप कक्षा संचालन गर्न मनासिव देखिएमा अनुमतिको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ।

(२) गाउँपालिकाको अनुमति बिना बिद्यालय संचालन वा थप कक्षा संचालन गरेमा त्यस्तो बिद्यालयलाई शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सबै कक्षाको अनुमति रद्द गर्नेछ

(३) कुनै संस्थागत बिद्यालयले यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो बिद्यालयलाई प्रदान गरीएको अनुमति वा स्विकृति रद्द गर्न सक्ने छ तर त्यसरी अनुमति वा स्विकृति रद्द गर्नु अघि सम्बन्धित बिद्यालयलाई आफनो सफाई पेश गर्ने मौकाबाट बन्चित गरीने छैन ।

(४) उपदफा (१) बमोजिम अनुमति वा स्विकृतिका लागि शिक्षा बिकास कोषमा तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ । तर शिक्षा बिकास कोषमा स्थापना नहुने बेलासम्म गाउँपालिकाको खातामा रकम जम्मा गर्नुपर्नेछ ।

(५) नयाँ बिद्यालय संचालनको अनुमति लिदा तोकेए बमोजिम शुल्क मुदती खातामा जम्मा गर्नुपर्ने छ ।

## परिच्छेद -८

## बिद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन अनुगमन र नियमन

४३. बिद्यालय बिकास कोष :

(५) प्रत्येक बिद्यालयमा एउटा बिद्यालय बिकास कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सोहि कोषमा दाखिला हुनेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार बाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोग बाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातब्यबाट प्राप्त रकम,

(घ) अन्य श्रोत बाट प्राप्त रकम ।

(६) उपदफा (१) बमोजिमको कोषको संचालन र सामाजिक लेखा परिक्षण तोकिए बमोजिम हुनेछ

४४. अनुदान व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा गाउँपालिकाले सामुदयिक बिद्यालयलाई अनुदान दिन सक्नेछ । तर कुनै बिद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता बिद्यालयलाई दिदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ ।

(२) सामुदयिक बिद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

४५.बिद्यालयको खाता संचालन तथा लेखा व्यवस्थापन :

(१) बिद्यालयको नियमित कारोबार लेखा राख्न माध्यमिक बिद्यालयमा प्रधानाध्यापक र लेखाको काम गर्ने कर्मचारी आधारभूत दोस्रो तह संचालन भएका बिद्यालयमा प्रधानाध्यापक र लेखाको काम गर्ने शिक्षक र आधारभूत पहिलो तह संचालन भएका बिद्यालयमा प्रधानाध्यापक र बिद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट बिद्यालय खाता संचालन गरी लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

(२) सबै बिद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

४६. लेखापरीक्षण :

(१) सबै बिद्यालयहरुले नियमित रुपमा आर्थिक बर्ष समाप्त भएको दोस्रो चौमासिक भित्र शिक्षा शाखाले तोकेको लेखापरीक्षकबाट परीक्षण गराउनु पर्नेछ ।

(२) लेखापरीक्षण प्रतिबेदन लेखापरीक्षण समाप्त भएको मितिले १५ दिन भित्र शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

(३) प्रत्येक बर्ष बिद्यालयले सामाजिक परीक्षण गरी बिद्यालयको आय व्यय शैक्षिक उपलब्धि, बिद्यालयको आन्तरिक गतिबिधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परिक्षण मार्फत सार्वजनिक तथा अनुमोदन लिनुपर्नेछ ।

(४) बिद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित बिद्यार्थीको शैक्षिक प्रगति प्रतिबेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिनुपर्नेछ ।

(५) बिद्यालयले बिद्यालय स्थापनाको अवसर पारेर प्रत्येक बर्ष अभिभावक भेला गर्नु पर्नेछ । उक्त अभिभावक भेलामा बिधालयको बार्षिक बजेट, निती तथा कार्यक्रम र बिद्यालयको बार्षिक लेखापरीक्षण सार्वजनिक गर्नुपर्नेछ ।

४७. सामाजिक परीक्षणः

बिद्यालयको सामाजिक परीक्षण समिति तोकिए बमोजिम हुनेछ र उक्त समितिले तोकिएको ढाँचामा सामाजिक परीक्षण गरी प्रतिबेदन पेश गर्नुपर्नेछ ।

४८. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :

नेपाल सरकारबाट प्राप्त छात्रवृत्तिको अलावा गाउँपालिकाले बिद्यालयमा भर्ना हुने बिद्यार्थी संख्याको आधारमा थप छात्रवृत्तिको व्यवस्था गर्नसक्नेछ ।

४९. शुल्क तथा सहयोगबाट प्राप्त रकम :

(१) निशुल्क शिक्षा घोषणा गरेको बिद्यालयमा शिक्षाका लागि सामुदयिक बिद्यालयले बिद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदयिक बिद्यालयले कुनै अभिभावकले बिद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार चन्दा वा सहयोग लिन सक्नेछ ।

(३) सबै बालबालिका लाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निशुल्क शिक्षा घोषणा गरेको बिद्यालय शिक्षा बाहेकको अन्य बिद्यालय शिक्षामा अध्ययन गर्ने बिद्यार्थीसंग लिइने शुल्क तोकिएको आधारमा गाउँपालिकाले निर्धारण गर्नेछ ।

(५) बिद्यालयले बिद्यार्थीलाई कुनै कक्षा भर्ना गर्दा एक पटक भर्ना लिई सकेपछी पुनः सोहि तहको अर्को कक्षामा कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(६) बिद्यालयले बिद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि बिद्यार्थीसंग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत बिद्यालयले बिद्यार्थीसंग लिन पाउने शुल्क शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) यस ऐन बिपरित शुल्क लिने बिद्यालयलाई उक्त शुल्क फिर्ता गराई गाउँपालिका अध्यक्षले एक लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(९) कुनै बिद्यालयले यस ऐन बिपरित बिद्यार्थी संग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित बिद्यार्थीलाई फिर्ता गर्न लगाउनु-पर्नेछ ।

**५०. बिद्यालयलाई छुट र सुबिधा :**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक बिद्यालय र सामुदायिक शैक्षिक गुठीको रुपमा संचालित संस्थागत बिद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिस्ट्रेसन दस्तुर लाग्ने छैन ।

(२) सामुदायिक बिद्यालय र शैक्षिक गुठीका रुपमा संचालित संस्थागत बिद्यालयलाई दिइने अन्य छुट र सुबिधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -९
## प्राबिधिक तथा ब्यवसायिक शिक्षा

**५१ .(१)** गाउँपालिका क्षेत्रमा संचालित बिद्यालयमा प्राबिधिक तथा ब्यवसायीक शिक्षाका निर्धारित बिषय अध्यापन गराउन सकिनेछ । यस्ता बिद्यालय संचालनका लागि गाउँपालिकाले अध्ययन, गरी बिद्यालयलाई थप सुबिधा प्रदान आवश्यक श्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

(२) गाउँपालिका प्राबिधिक बिषयको कक्षा संचालनका लागि अनुमति दिदा तोकिएको मापदण्ड बमोजिम नदोहोरिने गरी बिषय सिफारिस गर्नेछ । सामुदायिक बिद्यालयमा प्राबिधिक कक्षाका लागि चाहिने शिक्षक कर्मचारी व्यवस्थापन अनुदान सहयोग उपलब्ध गराउन सक्ने छ ।

(३) यस सम्बन्धित अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१०
## विविध

**५२. कार्यविधि स्वीकृत :-** गाउँपालिका भित्र संचालित विद्यालयहरुको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति गर्नका लागि बनेको कार्यविधि गाउँपालिकाले स्वीकृत गर्न सक्नेछ ।

**५३ शिक्षकलाई काजमा खटाउन सक्ने :**

(१) गाउँपालिका भित्रका बिद्यालयको अनुगमन निरीक्षण र प्राबिधिक सहयोग गर्नको लागि गाउँपालिका भित्रका स्थायी शिक्षकहरु मध्येबाट समितिको सिफारिसमा शिक्षा शाखा प्रमुखले शिक्षकलाई काजमा खटाई आवश्यक जिम्मेवारी दिन सक्नेछन ।

(२) संघिय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले जुनसुकै बखत काजमा खटाउन सक्नेछ।

**५४. बिद्यालयको विनिमय :**

(१) यो ऐन र प्रचलित कानुनको अधिनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत बिद्यालयले बिद्यालयको मुल्य मान्यता संचालन प्रकिया लगायत अन्य सान्दर्भिक बिषयबस्तु समाबेस गरीएको विनिमय अभिभावक सभाबाट पारित गराई लागु गर्नु पर्ने छ ।

(२) अभिभावक सभाले विनिमय आवश्यकता अनुसार संसोधन गर्नसक्ने छ ।

(३) विनिमय अनुसार बिद्यालय संचालन गर्नु व्यवस्थापन समिति र प्रधानाध्यापक लगायत अन्य सबैको कर्तब्य हुनेछ ।

(४) अध्यावधिक बिधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(५) बिद्यालयको बिधान् सार्वजनिक दस्ताबेज हुनेछ र सो जो कोहिले पनि हेर्न पाउंनु पर्ने छ ।

**५५. गाउँपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसंग सम्बन्धित आवश्यक निर्देशनहरु बिद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु बिद्यालय व्यवथापन समितिको कर्तब्य हुनेछ।

**५६. बिद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :**

(१) बिद्यालय स्वतन्त्र र भयरहित रुपमा अध्ययन गर्ने वातावरण सृजना गर्न तथा बिद्यालय भित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी बिद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा बिद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५७. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्ब्वहार गर्न नपाइने :-**

(१) कुनै पनि बालबालिका बिद्यालयबाट निष्कासन गर्न पाइने छैन ।

(२) बिद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**५८. शैक्षिक परामर्श सेवा, बिदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा, आयोग तयारी कक्षा, पूर्व तयारि कक्षा वा बिदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम वा बैदेशिक शैक्षिक मेला प्रदर्शनी संचालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा, ब्रिज कोर्श, भाषा शिक्षण कक्षा वा पुर्व तयारि कक्षा वा बिदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न अनुमति सम्बन्धित व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५९. कक्षा ५ को बार्षिक परीक्षा संचालन तथा व्यवस्थापन :

(१) कक्षा ५ को अन्तिम तथा बाहय परीक्षालाई गाउँपालिकाको क्षेत्रभर मर्यादित र व्यवस्थित तरिकाले एकरुपताका साथ संचालन, ब्यावस्थापन र प्रमाणपत्र वितरण गर्नको लागि शिक्षा समितिले तोकिए बमोजिम परीक्षा संचालन तथा ब्यावस्थापन समिति गठन गर्न सक्ने ।

(२) उपदफा (१) अनुसार गठन भएको समितिको काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६०. प्रगति विवरण बुझाउनु पर्ने :

(१) बिद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिम विवरण सहितको प्रगति प्रतिबेदन शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

६१. शिक्षा बिकास कोष :

(१) गाउँपालिकाले आफनो क्षेत्र भित्र बसोबास गर्ने अति बिपन्न, प्राकृतिक प्रकोप पिडित अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न शैक्षिक संस्थाहरुको शैक्षिक तथा भौतिक बातावरण सुधार गर्न तथा उत्कृस्ट बिद्यार्थी, शिक्षक, कर्मकारी वा शिक्षाप्रेमीलाई पुरस्कृत गर्न गाउँ शिक्षा बिकास कोष स्थापना गर्नेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम रहने छ ।

(क) संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातब्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोत बाट प्राप्त रकम ।

(३) कोष संचालन लागि देहाय बमोजिमका पदाधिकारी रहेको समिति रहनेछ ।

(क) गाउपलिंका प्रमुख — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) स्थानिय शिक्षा प्रेमी, बुद्धिजिबी र समाजसेबीहरु र प्र.अ.हरु मध्येबाट शिक्षा समितिले तोकेको दुइ जना — सदस्य

(घ) संस्थागत बिद्यालयका प्र .अ. मध्ये बाट कोष संचालन समितिले मनोनित गरेको एक जना सदस्य

(ङ) लेखा अधिकृत वा लेखा सम्बन्धित काम गर्ने कर्मचारी एक जना — सदस्य

(च) शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(४) कोषको संचालन कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) शिक्षा बिकास कोषको लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

६२. दण्ड सजाय सम्बन्धित व्यवस्था :

(१) कसैले बिद्यालय सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुराएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ ।

(क) प्रश्नपत्र गोपनियता भंग गरेमा,

(ख) उतरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिमेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसंग सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रबेश गर्ने गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(छ) बिद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्श, ट्युसन, कोचिङ्ग सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पुर्व तयारि कक्षा संचालन गरेमा,

(झ) कानुन बिपरितको अन्य कार्य गरेमा ।

(३) कानुन बमोजिमको कसुरको सम्बन्धमा बिद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुंगो नलागेसम्म निलम्बन्न हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसुदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरीने छ । निलम्बन रहेको अवधिमा त्यस्ता कर्मचारीले प्राप्त गर्ने सुबिधा प्रचलित कानुन बमोजिम हुनेछ ।

६३. पुनराबेदन तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनराबेदन लाग्नेछ ।

६४. प्रारम्भिक बालविकास शिक्षाको संचालन, व्यवस्थापन एवम अनुदान सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६५. नियम बनाउने अधिकार :

(१) यस ऐनको उदेश्य कार्यान्वायन गर्न गाउँपालिकाले आवश्यक नियमाबली, कार्यबिधि तथा निर्देशिका बनाउने सक्नेछ ।

६६. संक्रमणकालीन व्यवस्था :

(१) यस ऐन तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम गाउँपालिका शिक्षा नियामावली नआउदा सम्म प्रचलित काुनुन बमोजिम हुनेछ ।

(२) यो ऐन जारी भएपछी बिद्यालय रिक्त रहेको दरबन्दीमा बिज्ञापनको अनुमति शिक्षा शाखाले दिन सक्नेछ ।

६७. बाधा अडकाउ फुकाउने अधिकारः

यस ऐनको उदेश्य कार्यान्वायन गर्न कुनै बाधा अडकाउ परेमा गाउँपलिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारि गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश गाउँ सभाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निस्क्रिय हुनेछ ।

**६८. विनियम कार्यविधि र निर्देशिका बानाइ लागु गर्न सकिनेः**

(१) शैक्षिक सुधारका निमित्त देहाय बमोजिमका बिषयमा विनिमय, कार्यविधि, निर्देशिका बनाइ लागु गर्न सकिनेछ ।

(क) शिक्षक अनुदान कार्यविधि -२०६५

(ख) दरबन्दी मिलान कार्यविधि -२०७६

(ग) बिपन्न सामुदाय का बालबालिका लागि शैक्षिक् सहयोग एवंम दिवा खाजा,

(घ) एकमुष्ट अनुदानमा आधारित बिद्यालय संचालन

(ङ) नमुना बिद्यालय छनौट र विकास

(च) गरीबीको रेखामुनी रहेका परिवारका बालबालिका लागि शैक्षिक् प्रोत्साहन

(छ) शिक्षक दरबन्दी मिलान एवं व्यवस्थापन

(ज) शैक्षिक् क्यालेन्डर तथा शैक्षिक् पुस्तिका प्रकासन

(झ) भौचर प्रणालीमा आधारित शिक्षा

(ञ) गाउँशिक्षा परिषद गठन

(ट) गुणस्तरिय शिक्षाका लागि कार्यान्वायन

(ठ) अनिवार्य शिक्षा कार्यान्वयन

(ड) एक माध्यमिक बिद्यालय एक संकायलाई प्रोत्साहन

(ढ) बिद्यार्थी संख्या अभिवृद्धि कार्यक्रम

(ण) अन्तर बिद्यालय सहयोग कार्यक्रम

(त) विशेष शिक्षा नमुना कार्यक्रम

(थ) बिद्यार्थीको लागि सह तथा अतिरिक्त क्रियाकलाप संचालन

(द) असल शिक्षक प्रोत्साहन

(ध) अनाथ एवं सडक बालबालिका शैक्षिक सहयोग कार्यक्रम

**६९.बचाऊ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले बिद्यालयको सम्पति हिनामिना गरेको कसुर भ्रस्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संबिधानसंग बाझिएको यस ऐनका दफा तथा उपदफा बाझिएको हदसम्म स्वत निस्क्रिय हुनेछन ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकार दिदै आएको सुबिधा कुनै किसिमको कटौती गरीने छैन तर यस व्यवस्थाले कानुन बमोजिम दण्ड सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

(५) यस ऐनमा उल्लेख भएमा कुराहरु संबिधान, संघिय र प्रादेशिक शिक्षा ऐन र नियामावली संग बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछन ।

(६) यस ऐनमा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानुन, शिक्षा ऐन, २०२८, शिक्षक सेवा आयोग नियामावली, २०५७, शिक्षा नियामावली, २०५९ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम हुनेछ ।

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल

उमेश चन्द्र यादव
अध्यक्ष